जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-११, २०८३ असोज १५ गते विहीबार, 1 Oct 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

एकीकृत आवास निर्माण गर्दै प्रदेश सरकार

○ सहीखबर संवाददाता

मकवानपुर । सिमान्तकृत समुदायलाई संविधान प्रदत्त आवास अधिकारको लागि प्रदेश सरकारले चासो देखाएको छ ।

बागमती प्रदेशको चितवन जिल्लामा प्रदेश सरकारले एकीकृत आवास निर्माण गर्न लागेको हो।सरकारले अहिले चितवनको माडीमा चेपाङ समुदायको एकीकृत नमुना बस्ती निर्माण गरिरहेको छ।

माडी नगरपालिका-७ परेवी बस्तीमा प्रदेश सरकारअन्तर्गत रहेको सहरी विकास तथा भवन कार्यालय हेटौंडाले गत आर्थिक वर्षदेखि चेपाङ समुदायको एकीकृत नमुना बस्ती निर्माण सुरु गरेको हो। उक्त बस्तीमा ४० वटा आवासीय भवन निर्माण भइरहेका छन्।

४० मध्ये २७ वटा आवासीय भवनको निर्माण अन्तिम चरणमा पुगेको र बाँकी भवनको निर्माण भइरहेको सहरी विकास तथा भवन कार्यालयका प्रमुख भूपेन्द्र यादवले जाकारी दिनुभयो । 'चालु आवमा सबै भवनको निर्माण सम्पन्न गर्ने योजना छ' उहाँले भन्नुभयो ।

प्रदेश सरकारले गत आर्थिक वर्षमा चेपाङ एकीकृत नमुना बस्ती निर्माणका लागि २ करोड रुपैयाँ विनियोजन गरेको थियो। जग्गा छुट्याउने कार्यमा ढिलाइ भएकाले गत आर्थिक वर्षमै भवन निर्माण सम्पन्न हुन नसकेको कार्यालयका प्राविधिकले बताए। यो आवमा निर्माण सकिने उनले बताए ।

चेपाङ समुदायको एकीकृत नमुना बस्ती निर्माणका लागि माडी नगरपालिकाले जग्गा उपलब्ध गराएको हो। 'एउटा चेपाङ परिवारलाई एक कट्ठादेखि साढे एक कट्ठासम्म जग्गा उपलब्ध गराएका छौं' माडी नगर पालिकाका मेयर ताराकाजी महतोले भन्नुभयो । उहाँका अनुसार जग्गाको बनोट र उब्जनीका आधारमा जग्गा उपलब्ध गराइएको हो ।

बागमती प्रदेश सरकारले शौचालयसहित जस्तापाताको छानो भएको भूकम्प प्रतिरोधी भवन निर्माण गरेको छ। छरिएर रहेका र घामपानी छिर्ने छाप्रोमा बस्दै आएका त्यस क्षेत्रका चेपाङ समुदायलाई एकै स्थानमा आवश्यक सुविधासहितको एकीकृत नमुना बस्ती निर्माण भएपछि सहज हुने नेपाल चेपाङ संघका अध्यक्ष गोविन्द चेपाङले बताउनुभयो ।

उक्त बस्तीमा घर मात्रै पक्की होइन, बस्तीमा बाटोघाटो, पार्क, पानी, बिजुलीलगायतको सुविधा हुनेछ ।

उक्त नमुना बस्तीमा पक्की सडक, पार्क, पानी, बिजुलीलगायत पूर्वाधार निर्माण गर्न प्रदेश सरकारले चालु आर्थिक वर्षमा ३ करोड रुपैयाँ विनियोजन गरेको माडी नगरपालिकाका मेयर महतोले बताउनुभयो ।

९ वटा वडामा विभाजित माडी नगरपालिकाको जनसंख्या करिब ३८ हजार छ । त्यसमध्ये चेपाङ समुदायको जनसंख्या २ हजार ३ सय २५ रहेको छ।

माडी नगरपालिका-७, ८ र ९ मा चेपाङ समुदायको बसोबास छ। अन्य वडामा पनि यस्तै एकीकृत बस्ती निर्माणका लागि पहल भइरहेको माडी नगरपालिकाले जनाएको छ।

प्रदेश सरकारले यसअघि सिन्धुली जिल्लामा मुसहर समुदाय र रामेछाप जिल्लामा माझी समुदायको एकीकृत नमुना बस्ती निर्माण गरिसकेको छ।



सिन्धुली जिल्लामा मुसहर समुदाय र रामेछाप जिल्लामा माझी समुदायको एकीकृत नमुना बस्ती निर्माण गरिसकेको छ।

अब प्रदेशस्तरमै विधि विज्ञान प्रयोगशाला

○ सहीखबर संवाददाता

मकवानपुर । मानिसको डीएनए नमुनालाई डिजिटल अभिलेख राख्न मिल्ने गरी 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक प्रतिनिधिसभाबाट पारित भएको छ।

अब यसै विधेयकमा टेकेर प्रत्येक प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना गरिने भएको छ । प्रतिनिधिसभाको बुधबारको बैठकमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८३ लाई पारित गरियोस्' भन्ने प्रस्ताव राख्नु भएको थियो । त्यसलाई प्रतिनिधिसभाको बैठकले सर्वसम्मत रूपमा पारित गरेको हो।

विधेयकले सात वटै प्रदेशमा विधि विज्ञान प्रयोगशाला स्थापना गर्ने व्यवस्था गरेको छ। २ वर्षअघि राष्ट्रिय सभामा विधेयक दर्ता हुँदा आवश्यकताअनुसार प्रदेशस्तर मा प्रयोगशाला स्थापना गर्न सकिने व्यवस्था गरिएको थियो। समितिले सो व्यवस्था संशोधन गर्दै सात प्रदेशमा नै प्रयोगशाला स्थापना गर्ने बाध्य पार्ने व्यवस्था गरेको छ।

संसदमा उठेको प्रश्नको जवाफ दिँदै मन्त्री पुनले प्रयोगशाला सातै प्रदेशमा स्थापना गरिने प्रक्रिया सुरु भएको बताउनुभयो । उहाँले रसुवा बाढीपछि मात्र विधि विज्ञान प्रयोगशालाको महत्व स्पष्ट भएको बताउनुभयो ।

'यो दुर्घटनाले विधि विज्ञान प्रयोगशाला बनाउनुपर्ने रहेछ भन्ने महसुस गराएको छ। विदेशीको सहयोग नभएको भए हामीसँग भएको स्रोतसाधनले त एक वर्षसम्म पनि डीएनए परीक्षण नहुने देखियो,' उहाँले भन्नुभयो, 'प्रयोगशाला विकेन्द्रीकरण हुन्छ। सातै प्रदेशमा बनाउने भनेर निर्णय भइसक्यो। यो अब सुरु हुन्छ।'

काठमाडौँबाहेक केही प्रदेशमा सञ्चालन भए पनि ऐन नभएका कारण गठन आदेशअनुसार चलेका कारण समस्या हुदै आएको थियो । प्रदेशका सबै प्रयोगशाला भवनबिना नै सञ्चालन भइरहेको उहाँले बताउनुभयो ।

मन्त्री पुनका अनुसार नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) को प्रयोगशालालाई विस्तार गर्ने तयारी भएको छ । 'नास्टको हाताभित्र पुरानो भवन छ। त्यहाँ नयाँ भवन बनाउने, नयाँ उपकरण किनेर प्रयोगशालालाई राम्रो बनाउँछौं' उहाँले भन्नुभयो 'यो वर्ष १८ करोड बजेट भाषणमा आएको छ। त्यतिले केही हुँदैन, पुग्दैन।'

उहाँले नास्टको प्रयोगशाला विस्तार गर्न, उपकरण किन्न र भवन निर्माण गर्ने काम अघि बढाउन लागेको बताउनुभयो । साथै प्रदेशका प्रयोगशालालाई सबलीकरण गर्दै लैजाने र क्षमताले भ्याएसम्म राम्रो बनाइनेछ । राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१ राष्ट्रिय सभामा २०८१ पुस २३ गते उत्पत्ति भई २०८२ माघ २३ गते उक्त सभाबाट पारित भएको थियो। *बाँकी पेज ४ मा*

इन्साइड स्टोरी

सरकारको प्रस्तावमाथि डाक्टरको प्रश्ने बाँच्न सक्ने शिशु कसरी मार्ने ?

फिचर पेज २ मा

परम्परागत प्रणालीबाट बाहिर निस्किसकेका छौं: मुख्यमन्त्री थापा



किरण थापा (मुख्यमन्त्री)

अन्तर्वार्ता पेज ३ मा

हेटौंडा माघ १ देखि पशु बधशाला तथा मासु जाँच ऐन कार्यान्वयनमा ल्याइने

पेज ४ मा

बागमतीका मन्त्रालयमा वर्षौसाल सर्वेक्षण, उपलब्धि खै

पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

किसानको पसिनामा बिचौलिया बन्दगर

चाडपर्वको संघारमा बजारमुल्य ह्वात्तै बढेको छ । अन्य उपभोग्य सामग्रीको मूल्य बढेसँगै स्थानीय उत्पादन तरकारीको मुल्य समेत बढेको छ । स्थानीय उत्पादनमा सहजै उपलब्ध हुने तरकारी तथा फलफूलहरूमा पनि मल्य बढ्दा उपभोक्ता मारमा छन् । तर त्यो मुल्य उत्पादनकर्तासम्म मने पुगेको छैन । किसानको पसिनामा मुल्य बढेको हो भने सहज मान्न सकिन्थ्यो तर यहाँ विचौलियाहरूको बिगबिगी बढेको छ।

तर, जो घामपानी नभनी माटोमा पसिना बगाउँछ, त्यही किसान वर्षौंदेखि आफ्नै उपजको न्यायोचित मूल्य नपाएर छटपटाउन बाध्य छ। खेतबाट उपभोक्ताको भान्सासम्म पुग्दा तरकारीको मूल्य तीनदेखि चार गुणासम्म बढ्छ, तर त्यो वृद्धिबाट किसानको हातमा छैन। बिचौलियाको हाबी र एकाधिकार नै मकवानपुरका किसानले भोगेको मुख्य समस्या हो। खेतबारीमा किसानसँग प्रतिकिलो २० रूपियाँमा खरिद गरिएको तरकारी उपभोक्ताको भान्सासम्म पुग्दा ८० देखि १०० रूपियाँसम्म पुग्छ। बीचको ठूलो मुनाफा न त किसानले पाउँछन्, न त उपभोक्ताले राहत महसुस गर्छन्। बजार सञ्जाल, ढुवानी र मूल्य निर्धारणमा विचौलियाको वर्चस्व हुँदा किसानहरु उत्पादन विचौलियाकै भाउमा बेच्न विवश छन्। लागत मूल्य पनि नउठ्दा तरकारी सडकमै फालेर वा खेतमै जोतेर विरोध जनाउनुपर्ने नियति स्थानीय किसानका लागि कुनै नौलो विषय रहेन।

स्थानीय सरकार तथा प्रशासनले यस्ता गतिविधिको निगरानी र अनुगमनमा ध्यान दिनु जरूरी छ।स्थानीय र प्रदेश सरकारले किसानका मुद्दालाई केवल नारा र अनुदान वितरणमा मात्र सीमित राखेर हैन आवश्यक निगरानी गर्दै किसानलाई प्रेरित पनि गरोस्।

सरकारको प्रस्तावमाथि डाक्टरको प्रश्न

बाँच्न सक्ने शिशु कसरी मार्ने ?

पुष्पराज चौलागाई

गर्भमा रहेको भ्रुणको अवस्था मात्रै होइन, बालिकाको सामाजिक र पारिवारिक अवस्थासमेत जटिल बन्न सक्छ । करणीबाट गर्भवती भएकी बालिकालाई परिवारले स्वीकार नगर्ने वा सामाजिक बहिष्कारको जोखिमसमेत हुने भएकाले कानुन बनाउँदा त्यसलाई पनि ध्यान दिनुपर्ने उनले बताए । तर, गर्भ २६-२७ हप्तापछि मात्र पहिचान भएको अवस्थामा अर्को जटिलता देखिन सक्ने सुवेदीले बताँउछन् ।

सरकारले १८ वर्षभन्दा कम उमेरका बालिका जबर्जस्ती वा हाडनाता करणीबाट गर्भवती भएमा अवधि नतोकी गर्भपतन गर्न सकिने व्यवस्था प्रस्ताव गरेको छ ।

हाल २८ हप्तासम्म सीमित रहेको व्यवस्थालाई हटाएर 'जतिसुकै अवधि'को गर्भपतन गर्न सकिने प्रावधान ल्याउन खोजिएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा यस्तो व्यवस्था प्रस्ताव गरिएको छ ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले ५ असोजमा प्रतिनिधिसभामा दर्ता गरेको विधेयकले सुरक्षित गर्भपतनसम्बन्धी विद्यमान व्यवस्था र परिभाषामै परिवर्तन गर्न खोजेको हो ।

विज्ञहरु भने प्राविधिक र व्यावहारिक पक्षलाई ख्यालै नगरी जुनसुकै अवधिमा गर्भपतन गराउन पाउने उक्त प्रस्ताव संवेदनाहीन र अमानवीय रहेको बताउँछन् ।

उनीहरुका अनुसार उक्त प्रस्तावले जीवित शिशुको हत्यालाई वैधता दिन्छ । र, उक्त विधेयक जस्ताको जस्तै पारित भए बाँच्न सक्ने शिशुलाई मार्न पाइने कानुन लागु हुनेछ ।

चिकित्सकका अनुसार २६ हप्ताको गर्भमा पूर्ण रुपमा शिशु निर्माण भइसकेको हुन्छ । वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. जागेश्वर गौतम २२ हप्ताभन्दा बढीको गर्भपतनसम्बन्धी प्रस्ताव नैतिक र व्यावहारिक दुवै दृष्टिले गलत रहेको बताउँछन् ।

'२६ हप्तापछिको बच्चा रोइरहेको, चलिरहेको हुन्छ,' डा. गौतम भन्छन्, '२२ हप्तापछिको गर्भ पतन होइन, डेलिभरी हो । जिउँदो बच्चा डाक्टरले कसरी मार्ने ?'

विश्व स्वास्थ्य संगठनले २२ हप्ता वा ५०० ग्रामभन्दा कम तौल भएको अवस्थालाई गर्भपतनका रुपमा परिभाषित गरेको छ । त्यसपछिको अवस्थालाई समयअगावै जन्मिएको शिशु अर्थात् प्रिम्याच्योर बेबीका रुपमा लिइने विज्ञहरुको भनाइ छ ।

डा. गौतमले २६ हप्तामै जन्मिएका सयौं शिशुलाई उपचार गरेर बचाएको उदाहरण दिँदै त्यस्तो अवस्थामा जिउँदो जन्मिन सक्ने बच्चालाई गर्भपतनको नाममा मार्न नमिल्ने बताए ।

'२६ हप्ताका बच्चा धेरै बचाएको छु । जुनसुकै अवधिमा गर्भपतन गर्नु भनेको सिधै बच्चालाई मार्नु हो,' डा. गौतमले भने, 'बच्चालाई मार्न ऐन कार्यान्वयन गर्न सक्दैनौं ।'

नेपाल स्त्री रोग तथा प्रसूति विशेषज्ञ समाजका अध्यक्ष डा. पदमराज पन्त प्रस्तावित कानुन अस्वीकार्य भएको बताउँछन् । डा.पन्त भन्छन्, '२२ हप्तापछिको गर्भपतन पूर्ण रुपमा अस्वीकार गर्छौं । आजभोलि २६ हप्तामै जन्मिएका बच्चा पनि बाँचिरहेका छन् । यस्तो बच्चा जन्मिएपछि मार्न त सकिँदैन । यस्तो प्रावधानले गर्भपतनलाई प्रोत्साहित गर्नसक्छ । जुन महिला स्वास्थ्यका लागि जोखिमपूर्ण हुनेछ ।'

प्रस्तावित गर्भपतनको नयाँ प्रावधानले विभिन्न स्वास्थ्य जोखिम र स्वास्थ्यकर्मीलाई नैतिक समस्या निम्त्याउने स्त्री रोग विशेषज्ञको भनाइ छ ।'जबर्जस्ती वा हाडनाताबाट गर्भ रहेको अवस्थामा परिवारका सदस्यले मुद्दा मामिला नगरौं, कुरा मिलिसकेको छ भन्दै गर्भपतन गराउन दबाब दिने गर्छन्,' डा. पन्तले भने, '२२ हप्तापछि पनि कतिपय बच्चा सास फेर्दै बाहिर निस्किन्छन् । त्यस्तो अवस्थामा जन्मिएको बच्चालाई मार्ने कुरा आउँदैन । त्यो गर्भपतन होइन, डेलिभरी हो ।'

२२ हप्ता, २८ हप्ता, ३० हप्ता जति बढ्दै जान्छ, त्यति नै प्रसूतिको जोखिम पनि बढ्छ । सामान्य प्रसूति नै जोखिमपूर्ण हुन्छ भने औषधि दिएर गर्भपतन गराउँदा आमाको जीवनमा थप जोखिम पर्ने उनीहरुको भनाइ छ ।

आपतकालीन अवस्थामा आमाको ज्यान जोगाउन आवश्यक परे जुनसुकै अवधिको गर्भपतन गर्न सकिने भए पनि त्यसलाई सामान्य अवस्थामा लागु गर्न नहुने स्त्रीरोग विशेषज्ञको तर्क छ ।

डा. गौतमले जुनसुकै अवधिको गर्भ पतन गर्न दिने प्रस्तावप्रति आपत्ति जनाउँदै यस्तो अवस्थामा बाँच्न सक्ने शिशुको हत्या हुने तर्क गरे ।

'२८ हप्तामा आएर कुनै महिलाले मेरो बच्चा फालिदेऊ भन्दा कुन डाक्टरले मार्न सक्छ ?,' डा. गौतमले प्रश्न गरे, 'त्यो त बच्चालाई घाँटी थिचेर मार्नु जस्तै हो ।' गर्भको अवस्था जे भए पनि बच्चाको बाँच्न पाउने अधिकारलाई बेवास्ता गर्न नमिल्ने उनको भनाइ छ ।

'बच्चाको बाँच्न पाउने अधिकार बलात्कारबाट गर्भवती भयो कि सरसल्लाहमा भयो, बच्चाले थाहा पाउँदैन । बच्चाको बाँच्न पाउने अधिकार हुन्छ,' उनले भने ।

जन्मिएको शिशुको अधिकार कसले लिने ?

गर्भपतनसम्बन्धी प्रस्तावित कानुनी व्यवस्थालाई दुई फरक कोणबाट हेर्नुपर्ने अर्का वरिष्ठ स्त्री रोग विशेषज्ञ डा. कीर्तिपाल सुवेदी बताउँछन् ।

विशेषगरी बलात्कार वा हाडनाता करणीबाट गर्भवती भएका १८ वर्षमुनिका बालिकाको हकमा जुनसुकै अवधिको गर्भपतन खुला गर्ने विषय निकै संवेदनशील भएकाले हतारमा निर्णय गर्न नहुने उनको भनाइ छ ।

कतिपय बालिकाले आफू करणीमा परेको कुरा बताउन नसक्ने र परिवारले पनि गर्भावस्था ढिलो मात्र थाहा पाउने अवस्था हुन्छ । गर्भ २८ वा ३० हप्तासम्म पुगिसकेपछि मात्रै गर्भावस्था पहिचान भएमा विद्यमान समयसीमाका कारण समस्या हुने उनको भनाइ छ ।

'कतिपय अवस्थामा बालिकाले करणी भएको भन्न पनि नसक्ने, पेट हेरेर गर्भ ठूलो भएको थाहा पाउँदा २८ हप्ता, ३० हप्ता भइसकेको हुन्छ,' डा. सुवेदी भन्छन् ।

यस्तो अवस्थामा गर्भमा रहेको भ्रुणको अवस्था मात्रै होइन, बालिकाको सामाजिक र पारिवारिक अवस्थासमेत जटिल बन्न सक्छ । करणीबाट गर्भवती भएकी बालिकालाई परिवारले स्वीकार नगर्ने वा सामाजिक बहिष्कारको जोखिमसमेत हुने भएकाले कानुन बनाउँदा त्यसलाई पनि ध्यान दिनुपर्ने उनले बताए । तर, गर्भ २६-२७ हप्तापछि मात्र पहिचान भएको अवस्थामा अर्को जटिलता देखिन सक्ने सुवेदीले बताँउछन् । *बाँकी पेज ५ मा*

सहीखबर

सहीवार्ता
www.saheekhabar.com

२०८३ असोज १५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

परम्परागत प्रणालीबाट बाहिर निस्किसकेका छौं: मुख्यमन्त्री थापा

बागमती प्रदेश सरकारले खर्च कटौती र प्रशासनिक चुस्तताका लागि मन्त्रालयको संख्या १४ बाट ८ मा झारे पनि कर्मचारी व्यवस्थापनमा समस्या देखिएको छ । राजनीतिक नेतृत्व फेरिए पनि कर्मचारी संयन्त्रलाई व्यावसायिक, पारदर्शी र जनउत्तर दायी बनाउनुपर्ने दायित्व प्रदेश सरकारसामु छ ।

प्रदेश लोक सेवा आयोग सक्रिय भएसँगै करारमाथिको निर्भरता हटाएर लोक सेवामार्फत स्थायी पदपूर्ति प्रणाली स्थापित गर्ने प्रयास भइरहेको छ ।

संघीयता कार्यान्वयनको महत्त्वपूर्ण कडीका रूपमा रहेको प्रादेशिक संरचनाभित्र प्रशासनिक सुशासन, कर्मचारी व्यवस्थापन र प्रभावकारी सेवा प्रवाह अझै पनि प्रमुख चुनौतीका रूपमा देखा परिरहेको छ ।

बागमती प्रदेश सरकारले खर्च कटौती र प्रशासनिक चुस्तता कायम गर्ने उद्देश्यसहित मन्त्रालयको संख्या १४ बाट घटाएर ८ मा सीमित गरे पनि गाभिएका मन्त्रालयहरूको आन्तरिक व्यवस्थापन, संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) र सचिवहरूको कार्यविभाजनमा समस्या देखिएको छ ।

एकातिर प्राकृतिक विपद्पछिको पुनर्निर्माण र विकास निर्माणका कामलाई तीव्रता दिनुपर्ने दबाब छ भने अर्कोतिर राजनीतिक फेरबदलका बाबजुद स्थायी सरकार मानिने कर्मचारी संयन्त्रलाई व्यावसायिक, पारदर्शी र जनउत्तरदायी बनाउनुपर्ने दायित्व प्रदेश सरकारसामु टड्कारो छ ।

यिनै समस्याका बिच रातोपाटीका लागि गणेश दुलालले बागमती प्रदेशका मुख्यमन्त्री किरण थापासँग कुराकानी गरेका छन् । प्रस्तुत छ, मुख्यमन्त्री थापासँग गरिएको कुराकानीको सम्पादित अंश :

बागमती प्रदेशमा मन्त्रालयको संख्या १४ बाट घटाएर ८ मा झारिएको छ, तर प्रशासनिक रूपमा कर्मचारी व्यवस्थापन अझै अस्तव्यस्त देखिन्छ । एउटै मन्त्रालयमा दरबन्दी विपरीत ३ जनासम्म सचिव हुँदा पनि जिम्मेवारी बाँडफाँट हुन सकेको छैन । यस्तो अवस्था किन आयो ?

यसलाई हामीले परिस्थितिको सापेक्षतामा बुझ्नुपर्छ । बागमती प्रदेशमा यसअघि १४ वटा मन्त्रालय थिए । खर्च कटौती र चुस्त प्रशासनका लागि मन्त्रालयको संख्या घटाएर आठ वटा बनाइयो । स्वाभाविक रुपमा दुई वा तीन वटा मन्त्रालय एकापसमा गाभिएपछि दरबन्दी, कार्यक्षेत्र र कर्मचारी व्यवस्थापनमा केही समय लाग्छ नै ।

हामीले संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) सम्पन्न गरिसकेका छौं । केही मन्त्रालय प्राविधिक र प्रशासनिक दुवै धारका भएकाले दुई जना सचिव राख्नुपर्ने व्यावहारिक आवश्यकता छ । कृषि र वन मन्त्रालय गाभिए पनि दुवैको कार्यप्रकृति फरक भएकाले दुई जना प्राविधिक सचिव रहन्छन् ।

स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयमा एक जना स्वास्थ्य (प्राविधिक) र अर्को प्रशासनतर्फको गरी दुई सचिव रहन्छन् । उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयमा पनि कार्यबोझ धेरै भएकाले दुई सचिव रहने व्यवस्था मिलाएका छौं । यो काम पहिले नै सकिन्थ्यो, तर यसबिचमै हामीले महाविपत्तिको सामना गर्नुपऱ्यो । सरकार बनाएर विश्वासको मत लिएलगत्तै प्रदेशमा बाढी पहिरोको ठुलो विपत्ति आइलाग्यो । सरकारको सम्पूर्ण ध्यान खोज, उद्धार, राहत र उपचारमा केन्द्रित गर्नुपरेकाले प्रशासनिक निर्णयमा केही दिन ढिलाइ भएको हो । अब ओएन्डएम दुङ्गिएकाले सबै सचिव तथा कर्मचारीहरुको उचित पदस्थापन र जिम्मेवारी तोकिन्छ ।

ओएन्डएम गर्दा हरेक पटक नयाँ सरकार आउँदा संरचना फेरिने र प्रशासनिक अपनत्व नहुने समस्या छ नि । यसको दिर्घकालीन र वैज्ञानिक समाधान के हो ?

राजनीतिक नेतृत्व फेरिँदैमा स्थायी सरकार मानिने कर्मचारी प्रशासनलाई आफू अनुकूल चलाउनु हुँदैन । हामी जनप्रतिनिधि अस्थायी हौं । कर्मचारी संयन्त्र स्थायी हो । व्यक्ति विशेषलाई हेरेर पद सिर्जना गर्ने गलत परिपाटीको म सधैं विपक्षमा छु । अहिलेको ओएन्डएम अघिल्लो सरकारले अगाडि बढाएको खाकालाई नै आधार मानेर न्यूनतम र अत्यावश्यक सुधारसहित दुङ्गयाइएको हो ।

बाढीपहिरोले ठुलो क्षति पुऱ्याएका नुवाकोट र सिन्धुली जिल्लामा विपद्पछिको पुनर्निर्माण, आवास निर्माण र पूर्वाधारको काम तीव्र बनाउन शहरी विकास कार्यालयको टड्कारो खाँचो देखियो । त्यसैले आवश्यकताको औचित्य पुष्टि गरेरमात्रै कार्यालय स्थापनाको निर्णयमा पुगेका छौं । जहाँ आवश्यकता छ, त्यहाँ संरचना बन्छ । आवश्यकता नभएका ठाउँमा संरचना थर्पिदैन ।

प्रदेशमा स्थायी दरबन्दीभन्दा करार र अस्थायी कर्मचारीमा भर पर्ने प्रवृत्ति बढ्यो भन्ने गुनासो छ नि ?

हो, यो गुनासो जायज छ । यसलाई सम्बोधन गर्न प्रदेश लोक सेवा आयोग पूर्ण रुपमा सक्रिय छ । हामीले स्थानीय तह र प्रदेशका विभिन्न निकायका लागि चौथो तहदेखि प्राविधिक तथा प्रशासनिक पदहरुमा नियमित विज्ञापन खुलाएर स्थायी पदपूर्ति प्रक्रिया अगाडि बढाएका छौं । स्वास्थ्य, इन्जिनियरिङ र पूर्वाधार क्षेत्रका प्राविधिक जनशक्तिलाई स्थायी प्रक्रियाबाटै ल्याउने काम भइरहेको छ । रातारात सबै स्थायी भइहाल्ने होइन, तर क्रमिक रुपमा करारमाथिको निर्भरता हटाएर लोक सेवामार्फत स्थायी पदपूर्ति प्रणाली स्थापित गर्दैछौं ।

उच्च तहका कर्मचारी, विशेष गरी उपसचिव र कार्यालय प्रमुखहरू वर्षौंसम्म एउटै सुगम कार्यालयमा रजगज गरेर बस्ने, पहुँच नहुने दुर्गममा मात्रै बस्नुपर्ने विभेद अन्त्य गर्न के योजना छ ?

मैले मुख्यसचिव र सम्बन्धित मन्त्रालयहरुलाई स्पष्ट निर्देशन दिइसकेको छु । अब कुनै पनि कार्यालय प्रमुख एउटै कार्यालयमा दुई वर्षभन्दा बढी बस्न पाउने छैन । त्यस्तै अन्य कर्मचारीहरु तीन वर्षभन्दा बढी एकै ठाउँ बस्न पाउँदैनन् ।

यसका लागि प्रदेशका कार्यालयहरुलाई 'क', 'ख' र 'ग' वर्गमा विभाजन गर्दैछौं । लामो समय 'ग' वर्ग (दुर्गम) मा सेवा गरेका कर्मचारीले 'क' वर्ग (सुगम) मा आउने अवसर पाउँछन् र 'क' मा बसिरहेकाहरु 'ग' मा जानैपर्छ । राजनीतिक पहुँच वा मनसुनका आधार मा एउटै आकर्षक कार्यालय ओगट्ने प्रवृत्तिको अब पूर्ण अन्त्य हुन्छ ।

मन्त्रालयको संख्या १४ बाट ८ मा झार्दा खर्च कटौती भयो कि सेवा प्रवाहमा अवरोध ? बागमती प्रदेशका लागि वस्तुगत रूपमा कतिवटा मन्त्रालय आवश्यक देख्नुहुन्छ ?

केवल खर्च कटौतीको नाममा नागरिकले पाउने सेवा प्रवाह नै अवरूद्ध हुनु हुँदैन । अहिले ८ वटा मन्त्रालय बनाइए पनि कार्यबोझका दृष्टिले एउटै मन्त्रीले ३-४ वटा तुला क्षेत्र हेर्नुपर्दा डेलिभरीमा जटिलता आएको देखिन्छ ।

मेरो वस्तुनिष्ठ अध्ययनमा बागमती प्रदेशको विकास, समृद्धि, स्वास्थ्य, शिक्षा र भौगोलिक विविधतालाई सम्बोधन गर्न करिब ११ वटा मन्त्रालय उपयुक्त हुन्छ । स्वास्थ्य र सामाजिक विकास, कृषि र वन, अथवा पर्यटन र यातायातजस्ता बृहत् क्षेत्रलाई जबर्जस्ती एउटैमा कोच्दा सेवाग्राहीले चुस्त सेवा नपाउने जोखिम रहन्छ ।

खर्च कटौती पनि नाम मात्रको हुने तर डेलिभरी कमजोर हुने अवस्था आउन दिनु हुँदैन । तैपनि अहिले हामी ८ वटै मन्त्रालयबाट अधिकतम परिणाम दिने गरी काम गरिरहेका छौं ।

प्रदेशसँग आफ्नै ११औं तहका १४ जना सचिव हुँदाहुँदै जिम्मेवारी नदिएर संघबाट सचिव मगाउने प्रवृत्ति किन दोहोरियो ?

विगतमा यो प्रवृत्ति थियो । यसमा लुकाउनु पर्ने कुरा छैन । अब त्यस्तो हुँदैन । प्रदेशकै ११औं तहका दक्ष कर्मचारीहरुलाई जिम्मेवारी दिन सरकार हिच्किचाएको छैन । अहिले पनि कृषि, पर्यटन, सामाजिक विकास र प्रदेशसभा सचिवालयमा प्रदेशकै सचिवहरुले जिम्मेवारी सम्हालिरहनुभएको छ ।

संघबाट आएका केही सचिव फिर्ता भइसक्नुभएको छ । मन्त्रालयमा दुई सचिव रहने ठाउँमा ज्येष्ठता (सिनियरिटी) का आधार मा आर्थिक र प्रशासनिक जिम्मेवारी दिइनेछ । प्रदेश सेवाका अधिकृतहरुलाई पहिलो प्राथमिकता दिएर नेतृत्वमा स्थापित गराइनेछ ।

कर्मचारी प्रशासनलाई आधुनिक र प्रविधिमैत्री बनाउन बागमती प्रदेशले के-कस्ता नयाँ अभ्यास थालेको छ ?

हामी परम्परागत ढंग प्रणालीबाट बाहिर निस्किसकेका छौं । प्रदेशका सम्पूर्ण मन्त्रालय र मातहतका कार्यालयहरुमा अनिवार्य ई हाजिरी (इलेक्ट्रोनिक एटेन्डेन्स) लागु भइसकेको छ । आर्थिक कारोबारलाई पारदर्शी बनाउन जीआइओएमएस सिस्टम पूर्ण कार्यान्वयनमा छ ।

स्वास्थ्य क्षेत्रमा सेवाग्राहीले घण्टौं लाइन बस्नुपर्ने बाध्यता हटाउन अस्पतालहरुमा अनलाइन टिकट र इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणाली सुरू गरिएको छ । सेवा प्रवाहलाई पेपर लेस र फेसलेस बनाउने दिशामा डिजिटल प्रविधिको विस्तार नै हाम्रो प्राथमिकता हो ।

विगतमा मन्त्री बन्नासाथ आफ्नो जिल्लामा अनावश्यक कार्यालय लैजाने र कार्यकर्ता भर्ती गर्ने विकृति थियो । के अब त्यसको अन्त्य हुन्छ त ?

म मुख्यमन्त्री भएँ भन्दैमा आवश्यकताविहीन रुपमा आफ्नै गृहजिल्लामा कार्यालय लैजाने काम किमार्थ हुँदैन । मन्त्रीको लहडमा जिल्लामा कार्यालय खोलेर दुई जना सहयोगी र कम्प्युटर अपरेटर राखेर बजेट सक्ने अभ्यास अब इतिहास बनिसक्यो । आवश्यकता, औचित्य र जनताको सेवा प्रवाहलाई मात्र केन्द्रमा राखेर प्रशासनिक निर्णय हुन्छन् । हामी यसको स्थायी र नीतिगत समाधान दिन्छौं ।

रातोपाटीबाट

सहीरबर

समाचार

२०८३ असोज १५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

माघ १ देखि *पशु बधशाला तथा मासु जाँच ऐन* कार्यान्वयनमा ल्याइने



मकवानपुर ।दशकदेखि कार्यान्वयनमा आउन नसकेको ऐन अब आगामी माघ १ गतेबाट कार्यन्वयनमा ल्याइने भएको छ ।

हेटौंडा उपमहानगरपालिकामा 'पशु बधशाला तथा मासु जाँच ऐन, २०५५' आगामी माघ १ देखि कार्यान्वियनमा ल्याउने भएको हो ।

संघीय सरकारले काठमाडौंमा आगामी मंसिर १ देखि पशु बधशाला तथा मासु जाँच ऐन २०५५ कार्यान्वियनमा ल्याउने तयारी गरेको छ । पशु सेवा कार्यालय मकवानपुरद्वारा हेटौंडामा आयोजित अन्तर क्रियामा पुशसेवा कार्यालय मकवानपुरले सरकारले ऐनलाई चरणबद्ध रूपमा देशभर कार्यान्वियन गर्ने निर्णय गरेसँगै हेटौडामा आगामी माघ १ देखि कार्यान्वियन गर्ने जनाएको छ ।

उपभोक्तगलाई स्वच्छ तथा गुणस्तरीय मासु उपलब्ध गराउने, अव्यवस्थित पशु वधलाई नियन्त्रण गर्ने र बधशाललालाई व्यवस्थित बनाउने उद्देश्यले ऐन कार्यान्वियन गर्न लागिएको हो । पशु सेवा कार्यालय हेटौंडाका प्रमुख डा. रामप्रकाश प्रधानले ऐन कार्यान्वियनमा आएपछि तोकिएका बधशालामामात्र पशु बध गर्नुपर्ने, बधअघि पशुको स्वास्थ्य परीक्षण गर्नुपर्ने तथा मासुको अनिवार्य जाँच गर्नुपर्ने व्यवस्था गरिने उनले बताए ।

२०६० वैशाख १ देखि सरकारले हेटौंडामा मासु जाँच ऐन लागु गरिएको सूचना राजपत्रमा प्रकाशित गरेको भए पनि व्यवसायी र बधशालाको आ आफ्नै अडानका कारण कार्यान्वियनमा आउन सकेको थिएन । २३ वर्षअघि तत्कालीन सरकारले हेटौंडाको पूर्वमा चौघडा, पश्चिममा नवलपुर दक्षिणमा पशुपतिनगरको पल्लो छेउ र उत्तरमा चौकीढोलसम्मको चारकिल्ला तोकेर ऐन लागू भएको सूचना राजपत्रमा प्रकाशन गरेको थियो ।

सूचना प्रकाशित भएपछि स्थानीय प्रशासन र नगरपालिकाले ऐनलाई क्रियाशिल बनाउन व्यवसायीलाई पटकपटक अनुरोध गर्दा पनि कार्यान्वियनमा आउन सकेको थिएन । ऐनले निर्दिष्ट गरेको बधशालामा मात्र गएर पशुपन्छी बध गर्न पाइने कुरा किटान गरिएको भए पनि व्यवसायीले त्यसको विरोध गर्दै परम्परागत रूपमा माछामासु बिक्री गर्दै आएका छन् ।

कुखुराको मासुमा मनपरी मुल्य

मकवानपुर । हेटौंडामा ब्रोइलर कुखुराको मासुको मूल्य पछिल्लो समय निरन्तर बढ्दै गएको छ । बजारमा कुखुराको मासुको मूल्य पसलैपिच्छे फरक फरक हुन थालेपछि उपभोक्ता थप मारमा परेका छन् ।

हाल हेटौंडाका अधिकांश मासु पसलमा ब्रोइलर कुखुराको मासु प्रतिकिलो करिब ४ सय ६० रूपैयाँसम्ममा बिक्री भइरहेको छ । एउटै बजार क्षेत्रमा समेत पसलअनुसार फरक मूल्य कायम भएपछि यहाँका उपभोक्तले आफूखुसी मूल्य असुलिएको गुनासो गरेका छन् ।

हेटौंडा ३ का उपभोक्ता उद्ब घिमिरेले खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुको मूल्य बढिरहेका बेला कुखुराको मासुमा समेत अस्वाभाविक वृद्धि भएको बताए । "आम्दानी बढेको छैन, तर हरेक सामानको मूल्य बढिरहेको छ । पहिले नियमित खाने मासु अहिले सोचेर किन्नुपर्ने अवस्था आएको छ," उनले भने । हेटौंडा ५ की उपभोक्ता रमिला थापाले बजारमा एउटै वस्तुको पसलैपिच्छे फरक मूल्य हुँदा उपभोक्ता अन्योलमा परेको बताइन् । "कुन पसलमा कति पर्छ भन्ने निश्चित हुँदैन । पसलअनुसार फरकफरक मूल्य लिइन्छ, अनुगमन भने प्रभावकारी देखिँदैन," उनले भनिन् ।

व्यवसायीहरुले भने आफूहरुले माथिबाटै महँगोमा मासु खरिद गर्नुपरेको बताउँदै आएका छन् । उत्पादक तथा आपूर्तिकर्ताबाट मूल्य बढेर आउने भएकाले खुद्रा मूल्य बढाउन बाध्य भएको उनीहरुको भनाइ छ । पछिल्लो समय बजारमा कुखुराको उत्पादन घट्नु र चाडपर्व नजिकिँदै गर्दा माग बढ्नुले मूल्यमा थप दबाब परेको व्यवसायीहरुको तर्क छ ।

कुखुराको मासुसँगै अण्डाको मूल्यमा समेत निरन्तर वृद्धि भइरहेको छ । हेटौंडाको बजारमा अण्डाको मूल्य एकै महिनामा दुई पटकसम्म बढेको उपभोक्ताको गुनासो छ । मासु र अण्डा दुवैको मूल्य बढेपछि दैनिक उपभोग गर्ने परिवारको भान्साको खर्च थप बढेको छ ।

उपभोक्ताले बजारमा मूल्य निर्धारण र बिक्री प्रणालीलाई व्यवस्थित बनाउन नियमित अनुगमन तथा मूल्यसूची अनिवार्य गर्नुपर्ने माग गरेका छन् । पसलैपिच्छे फरक मूल्य लिने प्रवृत्तिलाई नियन्त्रण गर्न सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्नुपर्ने उनीहरुको भनाइ छ ।

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार उपभोक्ता संरक्षण सम्बन्धी कानूनको पालना गरौं । उपभोक्ताहरुले पनि आफ्नो अधिकारको लागि खबरदारी जारी राखौं । उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीबाट क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था कार्यान्वनको लागि हातेमालो गरौं ।

सार्वजनिक हितको लागि सहीरबर

अब प्रदेशस्तरमै विधि विज्ञान प्रयोगशाला...

विधेयक प्रतिनिधिसभामा पेस भएको थियो। प्रतिनिधिसभाको २०८३ जेठ १२ गते बसेको बैठकले दफावार छलफल गरी सभामा प्रतिवेदन पेस गर्न शिक्षा स्वास्थ्य समितिमा पठाइएको थियो। समितिले २०८३ जेठ २१ गतेदेखि उक्त विधेयकमाथि छलफल सुरु गरेको थियो। समितिले विधेयकमाथि १६ वटा बैठकमा छलफल गरेको जनाएको छ।

विधेयकका साविकका ३३ वटा दफाहरूमध्ये प्रस्तावनाका साथै २७ वटा दफामा समितिले संशोधन तथा परिमार्जन गरेको छ। एउटा परिच्छेद र ४ वटा नयाँ दफा थप गरिएको छ भने एउटा दफा हटाइएको छ।

विधेयक प्रस्तुत गर्दै मन्त्री पुनले डीएनए परीक्षणलाई तीव्र र प्रभावकारी बनाउन तथा प्रदेशस्तरमा विस्तार गर्न विधेयक ल्याउनु परेको बताउनुभयो ।

यसअघि प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले प्रयोगशालामा प्राप्त डीएनए प्रोफाइललाई व्यवस्थित डिजिटल अभिलेख राख्न बाध्य पार्ने गरी डीएनए डेटा बैंकको स्थापना गर्ने व्यवस्थासहित विधेयक अघि बढाएको थियो।

२०८१ सालमा तत्कालीन शिक्षामन्त्री विद्या भट्टराईको समयमा दर्ता भएको विधेयकमा डीएनए डेटा बैंक स्थापना गर्ने व्यवस्था थियो।

विधेयकमा कसुरको अनुसन्धान तथा न्याय सम्पादन एवं बेपत्ता तथा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि डीएनए डेटा बैंकको प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ।

डेटा बैंकमा बेपत्ता तथा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि अधिकारप्राप्त निकायबाट माग भएमा प्रयोगशालाले डीएनए डेटा बैंक अन्तर्गत पारिवारिक डीएनए डेटाबेस सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था राखिएको छ।

अन्य प्रयोगशालाबाट प्राप्त हुने डीएनए प्रोफाइल डेटालाई समेत तोकिएको ढाँचामा संकलन गरी अभिलेख राख्न सकिने प्रावधान डीएनए डेटा बैंकमा राखिएको छ। यसरी डेटा बैंकमा डीएनए राख्दा व्यक्तिगत गोपनीयतालाई भने सुनिश्चित गर्नुपर्ने छ।

प्रयोगशालाले व्यक्तिगत गोपनीयता सुनिश्चित गरी जनसाख्यिक डीएनए तथ्याङ्कीय विश्लेषण तथा अनुसन्धानको लागि डीएनए प्रोफाइल डेटा प्रयोग गर्न सक्ने व्यवस्था विधेयकमा राखिएको छ।

कसुरको अनुसन्धान वा अभियोजनको प्रयोजनको लागि शंकित व्यक्तिको डीएनए प्रोफाइल तथा विश्लेषण नतिजा अदालतको अनुमति लिई माग गरेमा प्रयोगशालाले डीएनए डेटा बैङ्कबाट त्यस्तो शंकित व्यक्तिको डीएनए प्रोफाइल तथा विश्लेषण नतिजा उपलब्ध गराउनु गराउनु पर्ने छ।

डीएनए परीक्षणका लागि नमुना संकलन गर्दा मञ्जुरी गरिएको प्रयोजनबाहेक अन्य प्रयोजनका लागि डीएनए डेटा प्रयोग गर्न भने पाइने छैन।

तर अदालतबाट कसुरदार ठहर भएको व्यक्तिको डीएनए प्रोफाइल डीएनए डेटा बैंकमा समावेश गर्न त्यस्तो व्यक्तिको सहमति आवश्यकता नपर्ने विधेयकमा राखिएको छ।

अभियोग लागेको व्यक्तिले अदालतबाट सफाइ पाएको एक वर्षपछि प्रयोगशालाले डीएनए डेटा बैंकबाट उक्त व्यक्तिको डीएनए प्रोफाइल हटाउनुपर्नेछ।

बेपत्ता भएको वा पहिचान नखुलेको व्यक्तिको पहिचानको लागि डीएनए डेटा बैंकमा सुरक्षित डीएनए प्रोफाइल त्यस्तो व्यक्तिको पहिचान खुलेको वा फेला परेको एक वर्षभित्र हटाउनुपर्ने व्यवस्था राखिएको छ।

विदेशी मुलुकले मागे दिन सकिने

संशोधनसहित पास भएको विधेयकमा विदेशी मुलुकले मागेको अवस्थामा नेपाली नागरिकको डीएनए प्रोफाइल उपलब्ध गराउन सकिने प्रावधान राखिएको छ।

'कुनै मुद्दाको अनुसन्धान गर्दा वा न्यायिक कारबाही वा कार्यान्वयनको सिलसिलामा प्रमाणको लागि डीएनए डेटा बैंकमा रहेको कुनै पनि व्यक्तिको डीएनए प्रोफाइलको विवरण विदेशी मुलुकले माग गरेमा त्यस्तो मुलुकलाई पारस्परिक कानुनी सहायता सम्बन्धी प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी दिन सकिनेछ' विधेयकमा उल्लेख छ। यस विषयमा भएको डेटा कतिसम्म प्रयोग गर्न दिने भन्नेमा राज्यको छुट्टै नीति हुनुपर्ने फरेन्सिक विज्ञ हरिहर अवस्थी बताउँछन्।

'विदेशीले मागे भन्दैमा हामीले डेटा बैंकमा भएको डीएनए सहजै दिन सकिने गरी जानु हुँदैन। के प्रयोजनका लागि दिने, कसरी दिने भन्नेमा स्पष्ट छुट्टै नीति हुनुपर्छ' डा अवस्थीले भने। नवप्रवर्तनमन्त्री पुनले डीएनए डेटा विदेशमा चुहावट गर्न नखोजेको बताएका छन्। उनले प्रक्रिया पुऱ्याएर मात्र दिने गरी व्यवस्था मिलाएको बताए।

'डीएनए त्यत्तिकै दिन खोजिएको होइन। प्रक्रिया पुऱ्याएर मात्र दिने व्यवस्था मिलाउँछौं। र सुवा बाढीमा विदेशीहरू पनि परेका छन्।

बाँच्न सक्ने शिशु कसरी मार्ने ?....

उक्त अवधिपछि जन्मिएको शिशु बाँच्न सक्ने सम्भावना रहने भएकाले गर्भपतन गर्दा जन्मिने शिशुको व्यवस्थापनसमेत कानुनले स्पष्ट गर्नुपर्ने उनको मनाइ छ ।

'२६-२७ हप्तापछि थाहा पाएर गरियो भने त्यो बच्चा बाँच्न सक्ने हुन्छ,' डा. सुवेदी भन्छन्, 'त्यस्तो अवस्थामा परिवारले जिम्मा नलिने, करणी गर्ने व्यक्ति कहाँ छ भन्ने थाहा नहुने अवस्था हुनसक्छ । बच्चा जन्मिएपछि राज्यले जिम्मा लिने कि परिवारले भन्ने कुरा पहिले नै स्पष्ट हुनुपर्छ ।' थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालका निर्देशक डा. श्रीप्रसाद अधिकारी पनि २८ वा ३० हप्ता पुगेपछि जन्मिने शिशुको बाँच्ने सम्भावना हुने भएकाले त्यसको अधिकार र भविष्यको व्यवस्थापनमा पनि राज्यले स्पष्ट कानुन ल्याउनुपर्ने बताउँछन् ।

सरकारले जीवित जन्मिएको शिशुलाई कहाँ राख्ने, उपचार कसले गर्ने, पालनपोषण र शिक्षाको जिम्मेवारी कसले लिने तथा बालिग भएपछि उसको अभिभावकीय, सम्पत्ति र अन्य कानुनी अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विषय कानुनमै स्पष्ट गर्नुपर्ने स्त्री रोग विशेषज्ञको मनाइ छ ।

'२६ हप्तापछिका शिशु जीवितै जन्मिछन् । डाक्टरले मार्न सक्दैनन् । बाँच्ने अधिकार, पढ्ने अधिकार, अभिभावकीय अधिकार, सम्पत्तिको अधिकारलगायत विषय राज्यले लिखित रुपमा व्यवस्थित गर्नुपर्छ,' डा. अधिकारी भन्छन् । आमाको ज्यान जोखिममा पर्ने अवस्था र बलात्कार वा करणीबाट गर्भवती भएकी नाबालिकाको अवस्थासँग एउटै कानुनी व्यवस्थामा राखेर हेर्न नहुने उनले बताए ।डा. अधिकारीका अनुसार यी दुई अवस्थाका समस्या र त्यसपछि सिर्जना हुने दायित्व फरक भएकाले छुट्टाछुट्टै विश्लेषण गर्नु आवश्यक छ ।

आमाको ज्यानमा खतरा हुने अवस्थामा जुनसुकै अवधिमा गर्भपतन गर्न पाउनुपर्ने प्रस्तावित विधेयक सकारात्मक रहेको उनको मनाइ छ । तर गर्भपतनलाई बलात्कार तथा करणीबाट गर्भवती भएका नाबालिकाको हकमा खुला गर्दा त्यसबाट उत्पन्न हुने सामाजिक, कानुनी र स्वास्थ्यसम्बन्धी जटिलताको अध्ययन गर्नुपर्ने डा. अधिकारीको मनाइ छ ।

'२८ हप्तापछि नाबालिकाको बलात्कार वा करणीको केसमा के गर्ने भन्ने विषयमा ठूलो बहस हुनुपर्छ,' डा. अधिकारी भन्छन्, 'राज्यले भोलिका दिनमा कुन–कुन जिम्मेवारी लिनुपर्ने हुन्छ, त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने स्पष्ट नभई हतारमा निर्णय गर्दा अर्को जटिलता आउन सक्छ ।'

अन्य विज्ञको मनाइमा स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. पदमराज पन्त पनि सहमत छन् । प्रस्तावित व्यवस्थामा जुनसुकै अवधि राख्दा जन्मिएको बच्चा जीवित रहेमा उसको

ऐनमा भनिएको छ, 'जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले २८ हप्तासम्मलाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ ।'

ऐन पारित भएपछि आवश्यक निर्देशिका, नियमावली आदि विषयमा स्वास्थ्य मन्त्रालयले स्त्री तथा प्रसूति रोग विशेषज्ञसँग छलफल पनि गरेको थियो ।

उपचार, संरक्षण, लालनपालन तथा नागरिक अधिकारको जिम्मेवारी कानुनमै स्पष्ट हुनुपर्ने उनको मनाइ छ । 'बलात्कारबाट गर्भवती भई बच्चा जन्मिएपछि परिवारले जिम्मेवारी लिन नसक्ने अवस्था हुनसक्छ,' उनले भने, 'त्यो बच्चाको लालनपालनदेखि नागरिकता र अन्य अधिकार सम्मको जिम्मेवारी कसले लिने ? यो विषय कानुनमा सम्बोधन हुनुपर्छ ।'

सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार ऐन २०७५ ले २८ हप्तासम्मको गर्भलाई पतन गराउन सक्ने व्यवस्था गरिसकेको छ । सरकारले यसलाई खुकुलो बनाउँदै जुनसुकै समयमा गर्न सक्ने व्यवस्था थप गर्दैछ । तर सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार ऐन २०७५ जारी भएको ८ वर्षसम्म पनि नियमावली बन्न सकेन । जसको कारण थियो विज्ञ चिकित्सकको विरोध ।

ऐनमा भनिएको छ, 'जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भ गर्भवती महिलाको मञ्जुरीले २८ हप्तासम्मलाई सुरक्षित गर्भपतन गर्न पाउने अधिकार हुनेछ ।'

ऐन पारित भएपछि आवश्यक निर्देशिका, नियमावली आदि विषयमा स्वास्थ्य मन्त्रालयले स्त्री तथा प्रसूति रोग विशेषज्ञसँग छलफल पनि गरेको थियो ।

तर, यस विषयमा चिकित्सकहरु सहमत हुन सकेनन् । उक्त प्रावधान सच्याएर जबर जस्ती करणीबाट बसेको गर्भपतन गर्न पाउने हदम्याद २२ हप्तासम्म सीमित भन्दै चर्को आवाज उठाइरहेका छन् ।नेपालमा सर्वप्रथम सुरक्षित गर्भपतनको कानुन सन् २००२ मा ल्याइएको थियो । साधारण हिसाबमा भने गर्भवती महिलाको मञ्जुरीले १२ हप्तासम्मको गर्भ सुरक्षित रुपमा पतन गराउन पाउने व्यवस्था कायम छ । *अनलाइनखबरबाट*

डेंगीबाट बचौं र बचाऔं

लक्षण:

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

१० नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

सचेत रहन अनुरोध

- चाडपर्वको रौनक सुरु हुदैछ, यसैबीच देशैभर मौसमी ब द ल ी जारी छ । चाडपर्व मनाउने क्रममा यात्रा गर्दा मौसमी अवस्था ध्यान दिएर मात्रै यात्रा गर्नुहोला ।
- आफ्नो तवरबाट सुरक्षित रहनु होला । विपदबाट आफू बाँचौ र अरुलाई बचाऔ ।

सहीखबर परिवार

बागमतीका मन्त्रालयमा वर्षौसाल सर्वेक्षण, उपलब्धि खै

○ सहीखबर संवाददाता

मकवानपुर । लोकतान्त्रिक मुलुकमा 'संगठन तथा व्यवस्थापन सर्वेक्षण' (ओएन्डएम) लाई सार्वजनिक प्रशासनलाई चुस्त, मितव्ययी र नतिजामुखी बनाउने वैज्ञानिक विधिको रुपमा लिइन्छ ।

मौजुदा संगठनको कार्यबोझ, जनशक्तिको सान्दर्भिकता, प्रविधिको प्रयोग र सेवा प्रवाहको गुणस्तर मूल्याङ्कन गरेर कम्तीमा ५ देखि १० वर्षको दीर्घकालीन रणनीतिसहित ओएन्डएम गर्ने अभ्यास छ ।

तर, संघीयता कार्यान्वयनको ९ वर्ष बित्दा बागमती प्रदेशमा मने ओएन्डएमको यो आधारभूत प्रशासनिक मर्ममै प्रहार भइरहेको छ । बागमती प्रदेश सरकारले वर्षौंपिच्छे ओएन्डएम गरेर प्रशासनिक संरचनालाई निरन्तर कमजोर र अस्थिर बनाउँदै आएको देखिन्छ । नागरिकलाई सेवा प्रवाह सहज तुल्याउन प्रशासनिक व्यवस्थापनको नाममा हरेक वर्ष प्रदेश सरकारले संरचना थपघट गरेर ओएन्डएम गर्दै आएको छ ।

बागमती सरकार जनताको सेवा सहज बनाउनभन्दा पनि मन्त्रालय घटबढ गरेर सत्ता साझेदार दलहरुको 'चित्त बुझाउन' र राजनीतिक भागबन्डालाई वैधानिकता दिने गरी अघि बढेको देखिन्छ । सरकार परिवर्तन हुनासाथ मन्त्रालयको संख्या फेरबदल गर्ने, विभाग र शाखाहरु हटाउने र त्यसै अनुसार नयाँ ओएन्डएम गराउने प्रक्रिया बागमती प्रदेशमा संस्थागत भइसकेको छ ।

हाल बागमती प्रदेशमा ओएन्डएमको काम जारी छ । ८ मन्त्रालय र मातहतको कार्यालयहरुको ओएन्डएम स्वीकृतिको प्रक्रियामा छ । गत भदौ अन्तिम साता बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशका ७ मन्त्रालय र सो मातहतका १८० कार्यालयको ओएन्डएम स्वीकृत गरेको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहतका १९ कार्यालयबाहेक प्रदेश सरकारको ७ मन्त्रालय अन्तर्गत कार्यालयको संख्या १८० कायम गरिएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बैठक तथा प्रशासन महाशाखाका सचिव रामबाबु पुरीका अनुसार यसअघि कायम रहेको कुल ४ हजार ८१४ दरबन्दीमा १४४ वटा कटौती गरी ४ हजार ६८० कायम गरिएको छ ।

भौतिक पूर्वाधारतर्फको १९ वटा निकायमा ओएन्डएम स्वीकृत हुन बाँकी रहेको उनले बताए । ती कार्यालयमा करिब ३ हजारभन्दा बढी कर्मचारी दरबन्दी कायम हुने उनको भनाइ छ ।

बागमती प्रदेश सरकारले प्रशासनिक खर्च घटाउने भन्दै १४ वटा मन्त्रालयलाई गाभेर ८ वटामा झारेको तीन महिना बित्न लाग्दा पनि प्रशासनिक संरचना मने अझै लयमा फर्कन सकेको छैन । मन्त्रिपरिषदको लामो रस्साकस्सीपछि ओएन्डएम स्वीकृत भए पनि प्रमाणीकरण र सचिवहरुको उचित व्यवस्थापन हुन नसक्दा प्रदेशको सम्पूर्ण प्रशासनिक तथा विकास निर्माणका काम ठप्प बनेका छन् ।

कार्यविभाजन, अस्तियारी र दरबन्दीको अन्योलका कारण चालु आर्थिक वर्षको विकास बजेट खर्च हुन सकेको छैन भने कतिपय कार्यालयका कर्मचारीले तलबसमेत पाउन सकेका छैनन् । ओएन्डएमकै कारण साउन यता कर्मचारीहरुले तलबभत्ता पाउन सकेका छैनन् भने नयाँ विकास निर्माणका सम्झौतासमेत ठप्प छ ।

संघ सरकारले बढी भएका सचिवहरुलाई फिर्ता नबोलाउँदा र प्रदेशमित्र राजनीतिक सन्तुलन मिलाउन खोज्दा दरबन्दीविपरीत एउटै मन्त्रालयमा तीन जनासम्म सचिव खटाइएको छ ।

हाल प्रदेशमा ५ जना सचिव दरबन्दीभन्दा बढी (फाजिल) छन् । प्रदेशमा हाल ८ मन्त्रालय रहे पनि व्यावहारिक कार्यान्वयनमा मने १४ वटै छ । स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय र उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयमा एक जना सचिवको दरबन्दी रहे पनि तीन जनालाई जिम्मेवारी बाँडिएको छ । कृषि पशुपन्छी वन तथा वातावरण मन्त्रालयमा पनि एक दरबन्दीमा २ सचिवले काम गर्दै आएका छन् ।

सरकारको जगमै सम्झौता

बागमती प्रदेश स्थापनाका बखत मुख्यमन्त्री रहेका डोरमणि पौडेल (२०७४ माघ २८-२०७८ भदौ २) सरकारका पालामा संघीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार ७ वटा मन्त्रालयमा ३ हजार ६३२ कर्मचारी कायम थिए । २०७४ को निर्वाचनपछि बनेको एमाले नेतृत्वको सरकारको नेतृत्व सम्हाल्ने पौडेल नेपालको संविधानको धारा १६८ को उपधारा (९) अनुसार प्रदेश सभा सदस्य संख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी मन्त्रिपरिषद् गठन गर्न पाउने व्यवस्थाको आडमा सुरूवाती दिनमा संयमित नै देखिएका थिए । रिक्त रहेका केही दरबन्दीमा करार (पछि लोकसेवाबाट स्थायी रूपमा) मार्फत् पदपूर्ति गर्दै सो समयमा शासन सत्ता सञ्चालन भयो ।

तर, जब पार्टीमित्र (तत्कालीन नेकपा र पछि एमाले) आन्तरिक कलह सुरू भयो । सत्ता जोगाउन पौडेल सरकारले पनि प्रशासनिक संरचना चलाउने बाटो रोज्यो । २०७८ वैशाखमा राजनीतिक सन्तुलन मिलाउन सामाजिक विकास मन्त्रालय फुटाएर 'स्वास्थ्य मन्त्रालय' अलग गरियो । सोही अनुसार पहिलो पटक हतारमा ओएन्डएम संशोधन गरी मन्त्रालयको संख्या ८ पुऱ्याइयो, जुन बागमतीमा भागबन्डाका लागि प्रशासनिक संरचना चलाउने विकृतिको प्रस्थानबिन्दु बन्यो । अष्टलक्ष्मी शाक्य नेतृत्वको सरकार बन्दासम्म प्रदेशमा कर्मचारी प्रशासनको चलखेल र नयाँ दरबन्दी सिर्जनाको काम तीव्र भइसकेको थियो ।

प्रदेशमा प्रशासनिक विचलन र स्रोतको चरम दोहन तत्कालीन नेकपा एकीकृत समाजवादीका राजेन्द्र पाण्डे मुख्यमन्त्री हुँदा बढेको देखिन्छ । तत्कालीन गठबन्धन (कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादी)को सरकार ढिकाउन पाण्डेले मन्त्रालय फुटाउने 'होलसेल' निर्णय गरे । बागमतीमा ८ बाट सिधै १४ मन्त्रालय बन्यो ।

१४ मन्त्रालय र ४ जना राज्यमन्त्रीसहित १८ सदस्यीय मन्त्रिपरिषद् बनाउने निर्णयपछि सोही अनुसार कर्मचारी प्रशासन परिचालन भयो र मन्त्रालयहरुको ओएन्डएम पनि गरियो । नयाँ मन्त्रालयका लागि सचिव (सहसचिव स्तरका), उपसचिव, अधिकृत, सवारी चालक र कार्यालय सहयोगीका लागि नयाँ दरबन्दी सिर्जना भएका थिए । २०७८ मंसिर १५ मा ओएन्डएम गरेर ३ हजार ६६३ स्थायी र अन्य अस्थायी तथा करार दर बन्दी कायम गरिएको थियो ।

२०७८ देखि २०८० का बिचमा पुनः मन्त्रालयहरुको ओएन्डएम मार्फत् १ हजार ४०० दरबन्दी स्वीकृत गरेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय हेटौंडाको तथ्याङ्क छ । २०७९ को निर्वाचनपछि बनेको नयाँ राजनीतिक समीकरणमा तत्कालीन नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल मुख्यमन्त्री बने । पाण्डे सरकारले गरेको मन्त्रालय विस्तारलाई सच्याउने प्रयत्न गरेका उनी कर्मचारी प्रशासन व्यवस्थापनमा कठोर बन्न सकेनन् । जम्कट्टेलले तत्कालीन प्रमुख सचिवको संयोजकत्वमा कार्यदल बनाएर १४ वटा मन्त्रालयलाई गाभ्दै ११ वटामा सीमित गरे । त्यसपछि पुनः नयाँ ओएन्डएम स्वीकृत गरियो । यसबाट प्रशासनिक खर्च जोगिएको भनिए पनि सो व्यवस्था धेरै दिन टिकेन ।

केन्द्रमा गठबन्धन फेरिएर कांग्रेस बाहिरिने र एमाले भित्रिने, फेरि एमाले बाहिरिएर कांग्रेस भित्रिने राजनीतिक तरलता चल्यो । २०८० को अन्त्यतिर आइपुग्दा गठबन्धनका साझेदार दल (विशेषगरी एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी) लाई सरकारमा टिकाइराख्न मन्त्रालयको संख्या १२ पुऱ्याए । डेढ वर्षको अवधिमा जम्कट्टेल सरकारले दुई पटक ओएन्डएमको काम गऱ्यो । सो समय बागमती प्रदेशमा (२०८० कात्तिक २३) ५ हजार १३९ दरवन्दी कायम गरियो । सोही समयमा प्रदेश निजामती कानुनसमेत पारित भइसकेको थियो । सो कानुन अनुसार कर्मचारी भर्ना प्रक्रिया सञ्चालन भयो तर, कर्मचारी व्यवस्थापनमा खासै उपलब्धी हुन सकेन ।

केन्द्रमा कांग्रेस र एमालेको नयाँ गठबन्धन बनेपछि बागमतीको नेतृत्व नेपाली कांग्रेसका बहादुर सिंह लामाको काँधमा आइपुग्यो । सरकार बन्नासाथ दुई ठुला दलबिच मन्त्रालयको भागबन्डा मिलाउन सकस पऱ्यो । लामा सरकारले कार्यभार सम्हालेको केही महिनामै पुनः मन्त्रालयहरुको कार्यक्षेत्र हेर फेर गर्ने र नयाँ ओएन्डएम गर्ने गृहकार्य भयो । उनले प्रदेशको १३ मन्त्रालयलाई १४ बनाएर ओएन्डएम स्वीकृत गरी कर्मचारी व्यवस्थापन गरे ।

सो पश्चात २०८२ मा कांग्रेस एमाले गठबन्धनबाट इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री बने । उनको पालामा निजामती नियमावली पनि बन्यो । एक वर्ष शासन सत्ता चलाएका उनले १४ मन्त्रालयलाई घटाएर ८ मा झारे, तर सो निर्णयलाई व्यवहारमा कार्यान्वयन मने गर्न पाएनन् । सत्ता गठबन्धनमा सहमति नहुँदा राजनीतिक रुपमा ८ मन्त्रालय कार्यान्वयन भइरहेको अवस्थामा उनको सरकार ढल्यो र हाल एमालेका किरण थापाको नेतृत्वमा एमाले, राप्रपा र नेकपाको गठबन्धन सरकार कायम छ ।

वर्षौंपिच्छे ओएन्डएम गर्दाको उपलब्धि के ?

प्रशासनिक दृष्टिकोणबाट हेर्दा हरेक वर्ष मन्त्रालय थपघट र ओएन्डएम गर्नु राज्यविरूद्धको आर्थिक र नीतिगत अपचलन हो, जसले राज्यकोषमा अनुत्पादक खर्चको भार बढेको छ भने कर्मचारी प्रशासनमा चरम अन्योल र निराशाको अवस्था निम्त्याउने गरेको छ ।

कर्मचारी प्रशासन प्रणाली र कार्यसम्पादनमा चल्नुपर्नेमा बागमतीमा मने कर्मचारीहरु कुन मन्त्रालयमा कति दिन टिक्ने हो भन्ने अवस्था छ । बारम्बार ओएन्डएम हुँदा कर्मचारी समायोजन, सरूवा र पदस्थापनमा अराजकता फैलिएको छ भने विकास बजेट खर्चमा अवरोध देखिएको छ । मन्त्रालयहरु फुट्ने र जुट्ने क्रमले बजेट कार्यान्वयनलाई कमजोर बनाइरहेको छ ।

बागमती प्रदेशका प्रमुख सचिव कमल प्रसाद भट्टराईले सरकारमा मन्त्रालयहरुको संख्या हेरफेर (घटबढ) भएसँगै हुने ओएन्डएम स्वाभाविक प्रशासनिक प्रक्रिया भएको बताए । राजनीतिक तहबाट मन्त्रालयको संख्या हेरफेर भएपछि संगठन संरचना, कार्यबोझ र कर्मचारी दरबन्दी सोही अनुसार समायोजन हुनु नियमित प्रक्रिया भएको उनको भनाइ छ ।

नेपाल सरकार र बागमती सरकारले तोकेको निश्चित मापदण्ड र मार्गनिर्देशन अनुसार नै ओएन्डएम भइरहेको भट्टराईले बताए । संघीय सरकारले प्रशासनिक खर्च घटाउन र संरचनालाई चुस्त, दुरूस्त तथा प्रभावकारी बनाउन मन्त्रालय र दरबन्दी घटाउने नीति लिएको र प्रदेश पनि संघीयताकै एक अंग भएकाले संघीय नीति कार्यान्वयन गर्नु दायित्व भएको उनले प्रस्ट पारे ।

'मन्त्रालय घटबढ भइसकेपछि संगठन संरचना परिवर्तन भइहाल्छ । संरचना फेरिएपछि कर्मचारीको संख्या घटीबढी हुनु स्वाभाविक हो । कामको चापलाई सम्बोधन गर्न पनि दरबन्दी पुनरवलोकन गर्नुपर्ने हुन्छ,' उनले भने, 'राजनीतिक नेतृत्वले नीतिगत निर्णय गर्ने र त्यसलाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारी प्रशासनको हो । ओएन्डएम हरेक ६ महिना वा वर्षौंपिच्छे गरिरहने विषय नभए पनि उक्त विषय अपरिवर्तनीय होइन । आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिन्छ ।' भट्टराईका अनुसार कर्मचारी व्यवस्थापनका लागि प्रदेश सरकारसँग 'व्यक्तिगत विवरण प्रणाली' (पीआइएस) छ । कर्मचारी कहाँ, कति समय बसे भन्ने सम्पूर्ण तथ्याङ्क डिजिटल माध्यमबाट अद्यावधिक राखिएको र कर्मचारी व्यवस्थापन प्रचलित ऐन, नियम तथा मापदण्ड अनुसार नै व्यवस्थित रुपमा भइरहेको उनले बताए ।

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड